मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १ गते बिहीबार ❑ 17 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## विपद् व्यवस्थापनका लागि सर्वदलीय संसदीय विशेष समिति गठन गरिने

**रासस**
काठमाडौं, ३१ भदौं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आह्वान गर्नुभएको सर्वदलीय बैठकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि एक साताभित्र सर्वदलीय संसदीय विशेष समिति गठन गर्ने निर्णय गरेको छ।

सिंहदरबारस्थित रास्वपा संसदीय दलको कार्यालयमा बुधबार बसेको उक्त बैठकले भोटेकोशी विपद्बाट गम्भीर पाठ सिक्दै भविष्यमा हुनसक्ने विपद्बाट मानवीय तथा भौतिक क्षति रोक्न सरकारलाई स्पष्ट नीतिगत मार्गचित्र र रणनीतिक कार्यढाँचा प्रदान गर्न उक्त समिति गठनका लागि पहल गर्ने निर्णय गरेको हो। सो समितिले सहकार्य, समन्वय तथा अनुगमन गर्नुका साथै विपद्पछिको दिगो पूर्वाधार पुनर्निर्माण, विपद् पूर्वतयारी, पूर्वसूचना प्रणालीको सुदृढीकरण र सशक्त जलवायु कूटनीतिका सन्दर्भमा राज्यले



अङ्गीकार गर्नुपर्ने दीर्घकालीन कार्यदिशाबारे सरकार, संसद् तथा सरोकारवाला निकायबीच समन्वय गर्ने जनाइएको छ।

समितिले विपद् व्यवस्थापनसम्बन्धी विद्यमान कानुनहरूको समीक्षा गर्ने तथा आवश्यक कानुन निर्माणका लागि संसद्मा अग्रसरता लिने रास्वपा प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो। समिति गठनको प्रक्रिया थालनी तथा आवश्यक व्यवस्थापनका लागि बैठकमा सहभागी सबै राजनीतिक दलका तर्फबाट सभामुख तथा सङ्घीय संसद्समक्ष अनुरोध गर्ने निर्णय भएको छ। बैठकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र समग्र विकास निर्माणका विषयमा छलफल गर्न रास्वपा सभापति लामिछाने संयोजक रहनुभएको 'उच्चस्तरीय राजनीतिक संयन्त्र'लाई निरन्तरता दिने निर्णय गरेको छ।

बाढीबाट भएको जनधनको क्षति तथा त्यसपछि सरकारको नेतृत्वमा जारी खोजी, उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणका काम, राजनीतिक दलहरूको योगदान र राज्यका विभिन्न निकायबाट भइरहेका कामबारे बैठकमा समीक्षा भएको थियो।

रास्वपा सभापति लामिछानेले बाढीको भोलिपल्ट भदौ ११ गते आह्वान गर्नुभएको उच्चस्तरीय राजनीतिक संयन्त्रका यसअघि तीनवटा बैठक तथा छलफल भइसकेका छन्। साथै बैठकले उक्त संयन्त्रलाई निरन्तरता दिने निर्णय गरेको छ।

प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन लाग्नुभएको सन्दर्भमा जलवायु न्यायका सम्बन्धमा विश्व मञ्चमा उठाउने विषयमा पनि बैठकमा छलफल भएको थियो। विभिन्न राजनीतिक दलका नेताहरूले मुलुकका तर्फबाट उठाउनुपर्ने विषयबारे सुझाव दिनुभएको प्रवक्ता खरेलले जानकारी दिनुभयो। बैठकमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपाल, नेपाल कम्युनिष्ट पार्टी (एमाले)की नेत्री पद्मा अर्याल, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता ज्ञानबहादुर शाही, जनमत पार्टीका अध्यक्ष सिके राउतलगायत नेता सहभागी हुनुहुन्थ्यो।

## जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणपत्र जारी, जलवायु न्यायको माग

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३१ भदौं

'हिमालको आवाज, स्थानीय तह तहको सङ्कल्प र जलवायु न्याायको साझा प्रतिबद्धता, स्थानीय तहको जिम्मेवारीः जलवायु न्यायका लागि साझेदारी' मूल नारासहित बुधबार मुस्ताङको घरपझोङ गाउँपालिकाले घरपझोङ जलवायु परिवर्तनसम्बन्धी 'घरपझोङ घोषणापत्र' जारी गरेको छ।

घरपझोङ गाउँपालिका कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष मोहनसिंह लालचनले जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र-२०८३ जारी गर्नुभएको हो। मङ्गलबारदेखि सुरु भएको दुईदिने घरपझोङ जलवायु परिवर्तन सम्मेलन आज समापन भएपछि गाउँपालिका कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै ४९ बुँदे जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र जारी गरेको हो। घोषणापत्रमा जलवायु न्यायको मागलाई मूल मुद्दाको रुपमा अघि सारिएको छ।

मुस्ताङमा सम्पन्न घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३ को घोषणपत्रले हाम्रा साझा दृष्टिकोणतर्फ जलवायु सङ्कटलाई विकासका रुपमा स्वीकार गर्ने, जलवायु न्यायको मागलाई मूल मुद्दा बनाउने, हिमालको संरक्षणलाई विश्वव्यापी प्राथमिकता बनाउन माग गर्ने, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता बुँदामा जलवायु जोखिमको पहिचान र नक्साङ्कन गर्नुपर्ने, जलवायु जोखिम न्यूनिकरण गर्न पूर्वसूचना र पूर्वकार्यमा जोड दिइनुपर्ने, जलवायु उत्थानशीलता पूर्वाधार निर्माणमा जोड दिनुपर्ने र जोखिममा आधारित भू-उपयोग तथा सुरक्षित बस्ती विकासमा जोड दिइनुपर्ने उल्लेख छ।

घोषणपत्रको जलवायु अनुकूलन र प्रकृति संरक्षण कार्यमा जलस्रोत संरक्षण र जलसुरक्षाको सुनिश्चितता गर्ने, जलवायु अनुकूलन कृषि तथा पशुपालन र जीविकोपार्जन, जैविक विविधता र पारिस्थितिक प्रणाली तथा दिगो पर्यटनतर्फ जोड दिइएको छ। जलवायु वित्त र स्रोत परिचालनतर्फ स्थानीय तहमा जलवायु वित्तको प्रत्यक्ष पहुँच, अनुदानमुखी जलवायु वित्त, स्थानीय जलवायु कोष र जलवायु बजेटको पारदर्शितालगायतका विषय घोषणापत्रमा समेटिएका छन्।

यस्तै, हानी तथा क्षति, विस्थापन र जलवायुजन्य बसाइँसराइअन्तर्गत हानि तथा नोक्सानीको मान्यता, जलवायुजन्य विस्थापन र हिमाली समुदायको अस्तित्व संरक्षणमा जोड दिइएको छ। समावेशी र स्थानीय नेतृत्वको जलवायु शासनतर्फ महिला तथा सीमान्तकृत समुदायको नेतृत्व विकास, स्थानीय ज्ञानको सम्मान र युवाको सहभागिता गर्ने रहेका छन्। ज्ञान, विज्ञान, प्रविधि र सहकार्यमा स्थानीय जलवायु सूचना प्रणाली, अनुसन्धान तथा प्रमाणमा आधारित नीति र ज्ञान साझेदारी गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ।

जलवायु घोषणापत्र जारी गर्दै अध्यक्ष लालचनले हरित तथा उत्थानशील अर्थतन्त्रमा हरित रोजगारी र उद्यम, नवीकरणीय ऊर्जा तथा निजी क्षेत्रको सहभागिता हुनुपर्ने उल्लेख छ। जलवायु परिवर्तनको असरसँग जुध्न सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य गर्दै बहुस्तरीय जलवायु शासन, स्थानीय तहको संस्थागत क्षमता र राष्ट्रिय तथा अन्तरराष्ट्रिय मञ्चमा स्थानीय तहको आवाज बुलन्द गरिनुपर्ने उल्लेख छ।

नेपाल सरकार तथा अन्तरराष्ट्रिय समुदायसमक्ष विशेष आह्वान गर्दै हिमाली क्षेत्रको जलवायु सङ्कटको वैज्ञानिक अध्ययन तथा अनुसन्धान, हिमनदी तथा हिमतालको निगरानी र पूर्वसूचना प्रणाली विस्तार गर्न पर्याप्त अन्तरराष्ट्रिय तथा राष्ट्रिय लगानी गर्नुपर्ने घरपझोङ जलवायु घोषणापत्रमा उल्लेख छ। नेपालका स्थानीय तहलाई जलवायु अनुकूलन तथा विपद जोखिम न्यूनीकरणका लागि प्रत्यक्ष, पर्याप्त, पूर्वानूमानयोग्य र अनुदानमुखी जलवायु वित्तमा पहुँच सुनिश्चित गरिनुपर्ने, जलवायु परिवर्तनबाट भएको तथा भविष्यमा हुने हानि तथा क्षति सम्बोधनका लागि सम्वन्धीत अन्तराष्ट्रिय संयन्त्रहरूलाई स्थानीय तह र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जीविकोपार्जन सुधारका लागि पर्या-पर्यटन

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

पर्या-पर्यटनको माध्यमबाट स्थानीयस्तरमा आयआर्जन वृद्धि तथा रोजगारी सिर्जनाका लागि पोखरा महानगरपालिकाले फेवातालरपञ्चासेक्षेत्रमामहत्वपूर्ण पर्यटन पूर्वाधार आयोजना अगाडि बढाएको छ।

एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित 'सहरी उत्थानशील तथा जीवनयापन सुधार परियोजना' अन्तर्गत 'फेवाताल अर्गानिक ट्रेल' र 'पञ्चासे इको डेभलेभमेन्ट' आयोजना निर्माणका लागि बोलपत्र आह्वान भइसकेको परियोजनाका इन्जिनियर नवीन गौतमले जानकारी दिनुभयो। झण्डै रु ५२ करोडको लागतमा बन्ने यी दुई आयोजनाको काम सुरु भएको १८ महिनाभित्र सक्ने लक्ष्य रहेको उहाँको भनाइ छ।

"बोलपत्रको प्रकृया टुङ्गिएपछि अबको दुई/तीन महिना भित्रैमा पूर्वाधार निर्माणको काम सुरु हुन्छ", इन्जिनियर गौतमले भन्नुभयो, "पोखरा आउने पर्यटकको बसाइँ लम्बाउने, स्थानीयस्तरमा रोजगारी सिर्जना र जीविकोपार्जजनमा सुधार ल्याउने उद्देश्यले यी आयोजना सुरु गर्न लागिएको हो।"

सङ्घीय सरकारलाई विश्व बैङ्कले दिएको सहुलियतपूर्ण ऋणबाट सशर्त अनुदानमार्फत महानगरपालिकाई प्राप्त हुने ७५ प्रतिशत, नगर विकास कोषको १८ प्रतिशत ऋण सहयोग र महानगरको आन्तरिक स्रोतबाट सात प्रतिशत बजेट आयोजना निर्माणमा खर्च हुनेछ। 'फेवाताल अर्गानिक ट्रेल'अन्तर्गत चारवटा पदमार्ग स्तरोन्नति गरिने इन्जिनियर गौतमले बताउनुभयो। "अहिले भएकै पदमार्गलाई स्तरोन्नति गर्ने, पर्यटन पूर्वाधारलाई वातावरणमैत्री ढङ्गले विकास गर्ने योजना रहेको छ", उहाँले भन्नुभयो, "पदमार्गमा प्रवेशद्वार, विश्रामस्थल, सूचनापाटी, सङ्केत चिन्ह, शौचालय, खानेपानी, रेलिङ आदि संरचना निर्माण हुनेछन्।"

पदमार्गमा पर्ने चौताराको संरक्षण र फोहर व्यवस्थापनका लागि चाहिने संरचना पनि बनाइने इन्जिनियर गौतमले बताउनुभयो। पूर्वाधार निर्माण गर्दा वातावरणीय स्वच्छतालाई ध्यान दिई स्थानीय स्रोतसाधन र प्रविधिको प्रयोग गरिने उहाँको भनाइ छ। भत्केका र जीर्ण भएका पदमार्गलाई मर्मतसम्भारसमेत गरिने छ।

परियोजनामार्फत ड्यामसाइडदेखि फेवातालको किनारैकिनार अनदु हँदै तालपारिसम्म ६.८ किमि, ड्यामसाइडदेखिबसुन्धरापार्क-तालबराही हुँदै गैराचौतारासम्म ४.९ किमि, ड्यामसाइडदेखि विश्वशान्ति स्तूपा हुँदै पुम्दीकोटसम्म ४.७ किमि र शान्तिस्तूपाबाट फेवाताल जोड्ने ०.८५ किमिको पदमार्ग स्तरोन्नति गरिने भएको हो। यस्तै कास्की, पर्वत र स्याङ्जाको सङ्गमस्थल पञ्चासेमा पनि चारवटा पदमार्ग स्तरोन्नति हुने इन्जिनियर गौतमले बताउनुभयो। डाँडाकेटेरीदेखि लामथाङसम्म०.८३किमि,पञ्चासे भञ्ज्याङदेखि लामथाङसम्म १.१४ किमि, पञ्चासे भञ्ज्याङदेखि पञ्चासे मन्दिरसम्म २.०५ किमि र पञ्चासे भञ्ज्याङदेखि पोखरीसम्म ०.४२ किमि पदमार्ग स्तरोन्नति हुनेछ।

पञ्चासेमा रहेको ऐतिहासिक पोखरी र 'बर्ड वाचिङ टावर'को सौन्दर्यीकरण गरिने महानगरले जनाएको छ। जैविक विविधताले भरिएको पञ्चासे क्षेत्रमा रहेका वनस्पतिको नामाकरण पनि गरिने भएको छ। महानगरपालिकाले पर्यटकीय क्षेत्र पञ्चासे जोड्ने गरी साइकल लेनसहितको विशेष पहुँच मार्ग र अध्ययन केन्द्र निर्माणको योजना पनि अगाडि बढाएको छ।

पोखरा-२३ घाँटीछिनादेखि पञ्चासेको भञ्ज्याङसम्म निर्माण गरिने विशेष पहुँच मार्गको बोलपत्रसम्बन्धी कागजात र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन केही समयअघि नगर कार्यकालिकाको बैठकले स्वीकृत गरेको थियो। पोखराको पर्यटन प्रवर्द्धन, दिगो सहरी यातायात र पर्यावरणमैत्री पूर्वाधार निर्माण, जैविक विविधताको अध्ययन तथा अनुसन्धानका लागि यी आयोजनाले महत्वपूर्ण टेवा पुऱ्याउने छ।

## सहरमा डेङ्गु, गाउँमा स्क्रब टाइफस फैलँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ भदौं

नेपालमै डेङ्गुको उच्च जोखिममा रहेको बागलुङमा स्क्रब टाइफस पनि फैलिएको छ। बागलुङमा डेङ्गु सङ्क्रमणले बागलुङ बजारका घरैपिच्छे बिरामी भएका छन् भने गाउँतिर स्क्रब टाइफसका बिरामी बढेका छन्।

जिल्ला सदरमुकाम बागलुङ बजारमा तीव्र रूपमा डेङ्गु फैलिएको छ। बागलुङमा साउनयता मात्रै एक हजार ४०३ जनामा डेङ्गु फैलिएको छ। जुन तथ्याङ्क नेपालमा नै उच्च रहेको प्रदेश जनस्वास्थ्य कार्यालयले जनाएको छ। बागलुङ जिल्ला सदरमुकाममा रहेको धौलागिरि अस्पतालमा मात्रै एक हजार २२४ जनामा सङ्क्रमण पुष्टि भएको हो। सदरमुकाममा हाल घरैपिच्छे डेङ्गु सङ्क्रमण फैलिएपछि उच्च सतर्कता अपनाइएको छ। दैनिकजसो डेङ्गु फैलाउने लामखुट्टे खोज र नष्ट गर अभियान चलाइए पनि सङ्क्रमण बढिरहेको पाइएको छ। गत वर्ष पाँच जनामा देखिएको स्क्रब टाइफसको सङ्क्रमण बागलुङमा यो वर्षको साउनयता मात्रै २८२ जनामा पुष्टि भएको छ। डेङ्गु बागलुङ बजार केन्द्रित छ भने स्क्रब टाइफस गाउँ केन्द्रित रहेको तथ्याङ्कले देखाउँछ। स्क्रब टाइफसको ५० प्रतिशत सङ्क्रमित गलकोट नगरपालिकामा देखिएको छ।

नेपालमै सबैभन्दा बढी डेङ्गु फैलिएको जिल्लाका रूपमा बागलुङ र पालिकाका रूपमा बागलुङ नगरपालिका रहेको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो। उहाँले बागलुङ डेङ्गुसहित स्क्रब टाइफसको उच्च जोखिममा रहेको छ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मनाङका हिमतालको जोखिममा मर्स्याङ्दी नदी करिडोर

**पोखरापत्र संवाददाता**
लमजुङ, ३१ भदौं

मनाङका हिमतालमा देखिएको जोखिमले मर्स्याङ्दी नदी आसपासका तल्लो तटीय क्षेत्रको सुरक्षाबारे चासो बढाएको छ।

हिमताल विस्फोटबाट अचानक ठूलो बाढी आएमा त्यसको प्रभाव मर्स्याङ्दी नदी हुँदै तल्लो तटीय क्षेत्रमा पर्न सक्ने भएकाले जोखिमको अध्ययन, नियमित अनुगमन, पूर्वसूचना र विपद् प्रतिकार्यको तयारी आवश्यक देखिएको हो।

मनाङको नासो गाउँपालिका-२ मा रहेको डोना (थुलागी) हिमताललाई विगतदेखि नै सम्भावित जोखिमयुक्त हिमतालका रूपमा पहिचान गरिएको छ । विभिन्न अध्ययनले तालको क्षेत्रफल करिब ०.९ वर्गकिलोमिटर आसपास रहेको देखाएका छन्। सन् २०१७ मा गरिएको सर्वेक्षणले तालको अधिकतम गहिराइ ७६ मिटर रहेको देखाएको थियो । ती अध्ययन केही वर्षअघिका भएकाले अहिले तालको क्षेत्रफल, पानीको मात्रा, हिमनदीको अवस्था तथा ताल वरपरको भौगोलिक संरचनामा के-कस्तो परिवर्तन आएको छ भन्ने विषय पुनः अध्ययन गर्नुपर्ने आवश्यकता बढेर गएको छ । विगतमा पहिचान गरिएको जोखिम अहिले कस्तो अवस्थामा छ भन्नेबारे थप स्पष्टता आवश्यक रहेको देखाउँछ।

नासो गाउँपालिका-२ का वडाध्यक्ष रवि गुरुङका अनुसार डोना हिमताल जोखिमयुक्त अवस्थामा रहे पनि तत्कालै केही हुने अवस्था छैन। तालको आकार विगतको तुलनामा परिवर्तन हुँदै गएको र विस्तार भइरहेको उहाँले बताउनुभयो । "ताल जोखिममा छ, अहिलेसम्म केही भएको छैन । आकार पहिलाको भन्दा फरक हुँदै ठूलो भइरहेको छ," उहाँले भन्नुभयो । तालको जोखिम न्यूनीकरणका लागि गाउँपालिकाले पहल गरिरहेको भए पनि संरक्षणका लागि ठूलो बजेट आवश्यक पर्ने उहाँले बताउनुभयो।

प्रदेश र सङ्घीय सरकारसँग आवश्यक सहयोगका लागि पहल भइरहेको तथा जोखिमबारे स्थानीयलाई सूचना दिने र सचेत गराउने काम भइरहेको उहाँको भनाइ छ। उहाँका अनुसार मनास्लु हिमालको फेदीमा रहेको डोना ताल प्राकृतिक सौन्दर्यका कारण पर्यटकको आकर्षणसमेत बनेको छ। विदेशी तथा आन्तरिक पर्यटक गरी वार्षिक २०० जना ताल क्षेत्रमा पुग्ने गरेको उहाँले बताउनुभयो।

मनाङका प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले डोना हिमताल जोखिमयुक्त अवस्थामा रहेको र यसको जोखिम न्यूनीकरणका लागि थप अध्ययन तथा पहल आवश्यक रहेको बताउनुभयो । उहाँका अनुसार तालमा बालुवा तथा माटो थुप्रिँदै गएकाले चिन्ताको विषय बनेको छ। "ताल तत्काल फुट्छ भन्न सकिँदैन, तर तत्काल फुट्दैन भन्न सकिने अवस्था पनि छैन । जुनसुकै बेला जोखिम हुनसक्छ," उहाँले भन्नुभयो।

जिल्लामा विपद् प्रतिकार्यको सामान्य तयारी भए पनि ठूलो आयामको हिमताल विस्फोटजन्य बाढी आएमा त्यसलाई सामना गर्ने क्षमता सीमित रहेको उहाँले बताउनुभयो । जोखिम न्यूनीकरणका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गरिएको र जिल्लास्तरीय बैठकबाट समेत आवश्यक पहल गर्ने निर्णय भएको उहाँको भनाइ छ । ताल फुटेमा मनाङका विभिन्न बस्ती हुँदै मर्स्याङ्दी नदीको बहाव क्षेत्रका तल्लो जिल्लासम्म प्रभाव पर्न सक्ने उहाँले बताउनुभयो। बस्ती, सडक, जलविद्युत् आयोजना तथा अन्य भौतिक संरचनामा क्षति पुग्न सक्ने भएकाले समयमै सूचना प्रवाह गरी मानवीय क्षति रोक्नुपर्ने उहाँको भनाइ छ।

यसैगरी, लालुपाते हाइड्रोपावरले डोना ताल आसपासमा जलविद्युत् आयोजना निर्माणको प्रक्रिया अघि बढाइरहेको र तालको पानी उपयोग गर्ने विषयमा अध्ययन भइरहेको प्रजिअ खनालले बताउनुभयो । तालको जोखिम र त्यससँग जोडिएका संरचनालाई समेत ध्यानमा राखेर आवश्यक अध्ययन तथा सावधानी अपनाउनुपर्ने उहाँको भनाइ छ।

हिमतालका जानकार सुदन विकास महर्जनले डोना हिमतालको हालको अवस्था बढेको वा घटेको बारेमा स्थलगत अध्ययन नगरी यकिन गर्न नसकिने बताउनुभयो। हिमतालको जोखिम विगतदेखि नै रहेको र यस्ता तालको नियमित अनुगमन आवश्यक रहेको उहाँको भनाइ छ । उहाँका अनुसार जोखिमयुक्त हिमतालको दुई-तीन वर्षको अन्तरालमा अनुगमन गर्नु आवश्यक हुन्छ।

सरकारले त्यस्ता हिमतालको स्थलगत निरीक्षण गरी जोखिम न्यूनीकरणका लागि आवश्यक पहल गर्नुपर्ने उहाँले बताउनुभयो। मर्स्याङ्दी नदी मनाङबाट लमजुङ हुँदै गोरखा र तनहुँ पार गरी त्रिशूली नदीमा मिसिन्छ। त्यसैले डोना हिमतालबाट उत्पन्न हुन सक्ने ठूलो बाढीको जोखिमलाई मनाङमा मात्र सीमित नराखी मर्स्याङ्दी नदीको तल्लो तटीय क्षेत्रसम्म जोडेर हेर्नुपर्ने देखिएको छ । लमजुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनालले डोना हिमतालका कारण मर्स्याङ्दी नदीमा बाढी आएको खण्डमा जिल्लाको तल्लो तटीय क्षेत्र जोखिममा पर्न सक्ने बताउनुभयो । उहाँका अनुसार सुन्दरबजार आसपासका तल्लो भूभाग, बैँसीसहरका केही तल्लो क्षेत्र तथा मर्स्याङ्दी करिडोरमा रहेका जलविद्युत् आयोजनासमेत जोखिममा पर्न सक्छन्।

"मनाङ र लमजुङ बढी जोखिममा पर्न सक्ने क्षेत्र हुन् । ताल फुट्छ वा फुट्दैन भनेर अहिले नै निश्चित भन्न सकिने अवस्था छैन," उहाँले भन्नुभयो । उहाँका अनुसार ठूलो आयामको विपद् आएमा अहिलेको स्रोतसाधनले त्यसलाई सामना गर्न कठिन हुनसक्छ । त्यसैले पूर्वसूचना प्रवाह गर्ने तथा मानवीय जीवन जोगाउने विषयलाई प्राथमिकतामा राखेर विपद् तयारी गरिएको उहाँले बताउनुभयो। बाढीको जोखिमलाई पूर्ण रूपमा रोक्न नसकिए पनि नियमित अनुगमन, जोखिमको पुनःमूल्याङ्कन, पूर्वसूचना प्रणाली, सम्भावित बाढीको बहाव क्षेत्रको पहिचान तथा स्थानीय तह र सुरक्षा निकायबीचको समन्वयबाट क्षति न्यूनीकरण गर्न सकिने देखिन्छ।

मर्स्याङ्दी नदी आसपासमा बस्तीका साथै सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य महत्वपूर्ण पूर्वाधार रहेकाले हिमतालको जोखिमलाई माथिल्लो हिमाली क्षेत्रमा मात्र सीमित विषयका रूपमा नहेरी तल्लो तटीय क्षेत्रको विपद् व्यवस्थापन योजनासँग जोड्नुपर्ने देखिन्छ।

# पोखराका युवा व्यवसायी कोइरालालाई 'ज्वेलरी उद्यमशीलता उत्कृष्टता सम्मान'

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

पोखराका युवा व्यवसायी प्रदीप कोइराला व्यवसाय तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानका लागि 'एसियन प्रोफेसनल एचिभमेन्ट अवार्ड-२०२६' अन्तर्गत 'ज्वेलरी उद्यमशीलता उत्कृष्टता सम्मान' बाट सम्मानित हुनुभएको छ।

सिजनमिडियाको आयोजनामा काठमाडौँमा सम्पन्न कार्यक्रममा पोखरा बाराही ज्वयलर्सका प्रबन्ध निर्देशक रहनुभएका कोइरालालाई प्रथम राष्ट्रपति डा. रामवरण यादवले ट्रफी तथा सम्मानपत्र प्रदान गर्नुभयो । व्यवसायबाट रोजगारी सिर्जना गर्दै सामाजिक उत्तरदायित्वलाई समेत प्राथमिकतामा राखेर अघि बढेको कोइरालाको उद्यमशील यात्रालाई सम्मान गर्दै उक्त अवार्ड प्रदान गरिएको हो । सुन तथा गरगहना व्यवसायमा सन् २०१३ देखि सक्रिय कोइरालाले व्यवसायिक क्षेत्रसँगै रोजगारी सिर्जना, स्वास्थ्य सेवा र सामाजिक उत्तरदायित्वका क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको कदरस्वरूप सम्मान प्रदान गरिएको सिजन मिडियाका अध्यक्ष प्रदीपराज वन्तले बताउनुभयो । ग्राहकको विश्वास, गुणस्तरीय सेवा, पारदर्शिता र आधुनिक डिजाइनलाई प्राथमिकतामा राख्दै कोइरालाले




पोखरा बाराही ज्वयलर्सलाई समयअनुकूल रूपमा अघि बढाउँदै आउनुभएको छ । उहाँको व्यवसायमा २४ जनाले प्रत्यक्ष रोजगारी पाउँदै आएका छन् । व्यवसायसँगै सामाजिक सेवामा पनि सक्रिय कोइरालाले फेवा डेन्टल क्लिनिकमार्फत दन्त स्वास्थ्य सेवा प्रदान गर्दै आउनुभएको छ। आर्थिक रूपमा कमजोर समुदायलाई लक्षित गरी निःशुल्क दन्त उपचार तथा स्वास्थ्य शिविर सञ्चालनमा समेत उहाँले सहयोग गर्दै आउनुभएको बताइएको छ। कोइरालाले मुगुको रारा क्षेत्रमा रहेको महादेव आधार भूत विद्यालयका विद्यार्थीलाई हरेक वर्ष शैक्षिक सामग्री तथा आर्थिक सहयोग गर्दै आउनुभएको छ। विपन्न परिवारलाई खाद्यान्न तथा लत्ताकपडा वितरण गर्नुका साथै पोखरा उपत्यकाका विभिन्न सार्वजनिक स्थानमा विगत तीन वर्षदेखि निःशुल्क खानेपानीको व्यवस्था गर्दै आउनुभएको छ।

सम्मानपछि कोइरालाले व्यवसायसँगै सामाजिक क्षेत्रमा अझ जिम्मेवार भएर काम गर्ने प्रेरणा मिलेको बताउनुभयो । "ग्राहकको विश्वासलाई कायम राख्दै आगामी दिनमा व्यवसायको विकाससँगै समुदायप्रतिको सामाजिक उत्तरदायित्वलाई पनि निरन्तरता दिनेछु ।" उहाँले भन्नुभयो । सिजन मिडियाको आयोजनामा सम्पन्न 'एसियन प्रोफेसनल एचिभमेन्ट अवार्ड-२०२६' को सातौँ संस्करणमा उद्योग, व्यवसाय, ऊर्जा, बैंकिङ, बीमा, पर्यटन, शिक्षा, पत्रकारिता, कला, उड्डयन, सामाजिक सेवा तथा उद्यमशीलतालगायत क्षेत्रमा योगदान पुऱ्याएका नेपाल तथा विभिन्न एसियाली मुलुकका व्यक्तित्वलाई सम्मान गरिएको थियो।

# मनास्लु आरोहण सुरु

**पोखरापत्र संवाददाता**
गोरखा, ३१ भदौं

शरद ऋतुका लागि मनास्लु हिमालको आरोहण सुरु भएको छ। यो याममा आरोहणका लागि अनुमति लिएका विभिन्न देशका ४६६ जना आरोहीले गत मङ्गलबारदेखि आरोहण सुरु गरेका हुन्।

उनन्चालिस (३९) समूहमा ३४२ जना पुरुष र १२४ जना महिला आधार शिविरबाट आरोहणका लागि प्रस्थान गरेका छन् । आधार शिविरमा लामा गुरुले पूजा गरेर आरोहणको साइत गरिएको आरोहीका सहयोगी विसबहादुर गुरुङले जानकारी दिनुभयो । आरोरीहरूले अबको एक दुईदेखि तीन साताभित्र आरोहण गरिसक्ने गुरुङको भनाइ छ।

यो याममा नेपाल सरकारले मनास्लु आरोहण गर्नेहरूबाट रु २१ करोड २४ लाख ४८ हजार राजस्व आर्जन गरेको पर्यटन विभागले जनाएको छ। मनास्लु आरोहण गर्ने आरोहीको यो सङ्ख्या अहिलेसम्मकै उच्च हो । साथै राजस्व पनि अहिलेसम्मकै धेरै हो । गोरखाको चुमनुब्री गाउँपालिका-१ सामागाउँमा अवस्थित मनास्लु सन् १९५६ मे ९ देखि आरोहण गर्न सुरु गरिएको थियो । समुद्री सतहबाट आठ हजार १६३ मिटर अग्लो यो विश्वकै आठौँ अग्लो हिमाल हो।

# भूकम्पपीडितलाई पाल वितरण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३१ भदौं

लोमान्थाङ गाउँपालिका केन्द्रविन्दु भएर यही भदौ २३ गते गएको भूकम्पबाट प्रभावित विद्यालय तथा स्थानीय घरधुरीलाई अस्थायी बसोबास व्यवस्थापनका लागि पाल वितरण सुरु गरिएको छ।

जिल्ला प्रशासन कार्यालय र लोमान्थाङ गाउँपालिकाको समन्वयमा गण्डकी प्रदेश सरकारले प्रभावित विद्यालय तथा गाउँपालिकाका पाँचै वडामा प्राथमिकताका आधारमा सय थान पाल वितरण गर्न लागेको हो।

गण्डकी प्रदेश सरकार वन तथा वातावरणमन्त्री नम्दु गुरुङको उपस्थितिमा आज लोमान्थाङ-२ स्थित दिव्यदीप माध्यमिक विद्यालयलाई चार थान पाल उपलब्ध गराइयो। उक्त प्रत्येक पाल दशदेखि पन्ध्र जनासम्मले अस्थायी आवासको रुपमा प्रयोग गर्न सक्ने छन्।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङ र पाँचै वडाका वडाध्यक्षको रोहबरमा वितरण गर्ने गरी ९६ थान पाल गाउँपालिकालाई हस्तान्तरण गरिएको छ।

त्यसअवसरमा गाउँपालिकाका अध्यक्ष गुरुङले प्रभावित परिवारको आवश्यकता र प्राथमिकतामा राखेर बुधबारदेखि सबै वडामा वितरण गरिने बताउनुभयो।

भूकम्पबाट उक्त पालिकामा रहेका एक सयभन्दा बढी कच्चीघरमा क्षति पुगेको छ भने दिव्यदीपसहितका विद्यालयका भौतिकपूर्वाधारका संरचना प्रयोग बस्न नमिल्ने भएको छ।भूकम्पबाट विद्यालयको संरचनामा क्षति भएपछि शिक्षक तथा विद्यार्थी कक्षा कोठा र पालमा बस्दैआएका छन्।

# रोयल इन्फिल्डको हन्टर ३५० अब नयाँ अवतारमा, दुई नयाँ रङसहित पोखरामा सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

रोयल इन्फिल्डको नयाँ भेरियन्ट र दुई नयाँ रङमा पोखराको नयाँबजारस्थित क्लासिक ड्राइभको शोरुममा बुधबार आयोजित एक कार्यक्रमबीच सार्वजनिक गरिएको छ । नेपालस्थित आधिकारिक बिक्रेता क्लासिक ड्राइभ प्रालिले लोकप्रिय हन्टर ३५० मोटरसाइकललाई भित्राएसँगै पोखराको आधिकारीक बिक्रेता क्लासिक ड्राइभले बुधबारदेखि बिक्रि वितरण समेत गर्न सुरु गरेको हो।

क्लासिक ड्राइभ प्रालिका प्रवन्ध निर्देशकद्वय अनिता रानाभाट र सरस्वती गोतामे सुवेदीले संयुक्त रूपमा नयाँ हन्टर ३५० सार्वजनिक गर्नुभएको हो । नयाँ भेरियन्टलाई 'टार्माक ब्ल्याक' रङमा ल्याइएको छ भने टप भेरियन्टमा 'मुम्बई यल्लो' र 'मुनसट ह्वाइट' गरी दुई नयाँ रङ थपिएका छन् । हन्टर ३५० को नयाँ भेरियन्टमा डिजाइनसँगै दैनिक राइडिङलाई सहज बनाउने विभिन्न विशेषता समेटिएका छन् । यसमा एलोय ह्विल, डिजि-एनालग इन्स्ट्रुमेन्ट क्लस्टर, नयाँ राइडर इन्टरफेस तथा सिंगल च्यानल एबीएसलगायतका सुविधा उपलब्ध छन्। कम्पनीका अनुसार हन्टर ३५० को सहज राइडिङ, चुस्त ह्यान्डलिङ र 'प्योर मोटरसाइक्लिङ'को अनुभवलाई नयाँ भेरियन्टमा पनि निरन्तरता दिइएको छ । टार्माक ब्ल्याक भेरियन्टमा हन्टर ३५० को परिचित रोडस्टर डिजाइनलाई थप आकर्षक ढंगले प्रस्तुत गरिएको छ । यसमा एलोय ह्विलसँगै राउन्ड ह्यालोजन हेडलाम्प, डिजि-एनालग इन्स्ट्रुमेन्ट क्लस्टर, रोटरी स्विचगियर, स्टिच्ड सिट र स्पोर्टी ग्राब रेल राखिएको छ। सुरक्षाका दृष्टिले सिंगल च्यानल एबीएससँगै स्लिप-एन्ड-असिस्ट क्लचसमेत उपलब्ध रहेको कम्पनीले जनाएको छ । त्यस्तै, टप भेरियन्टमा थपिएका दुई रङले हन्टर ३५० रोज्ने ग्राहकका लागि छनोटको दायरा फराकिलो बनाएको छ। मुम्बई यल्लो रङ मुम्बईको कला, चलचित्र र जीवन्त सहरी वातावरणबाट प्रेरित रहेको कम्पनीको भनाइ छ। मुनसट ह्वाइटमा भने 'ओरायन' अर्थात् शिकारी नक्षत्रबाट प्रेरित ग्राफिक्स तथा आकाशीय तत्व समावेश गरिएको छ । क्लासिक ड्राइभकी निर्देशक अनिता रानाभाटले हन्टर ३५० आफ्नो आकर्षक डिजाइन, चुस्त ह्यान्डलिङ र दैनिक प्रयोगमा सहजताका कारण पोखरेली राइडरमाझ लोकप्रिय बन्दै गएको बताउनुभयो । नयाँ भेरियन्ट र रङको आगमनले ग्राहकलाई आफ्नो रुचि अनुसार मोटरसाइकल छनोट गर्न थप अवसर मिल्ने उहाँको भनाइ छ।

"हन्टर ३५० ले पोखरेली राइडरबाट पाएको माया र विश्वास हाम्रा लागि महत्वपूर्ण छ,"उहाँले भन्नुभयो, "नयाँ भेरियन्ट र रङमार्फत ग्राहकको रोजाइलाई थप विविध बनाउने प्रयास गरेका छौँ। अहिलेसम्मको यात्रामा साथ र सहयोग गर्नुहुने सबैप्रति आभारी छौँ।" क्लासिक ड्राइभकी अर्की निर्देशक सरस्वती गोतामे सुवेदीले पनि हन्टर ३५० ले पोखरेली राइडरमाझ छुट्टै सम्बन्ध स्थापित गर्न सफल भएको बताउनुभयो। नयाँ भेरियन्ट र रङले मोटरसाइकल प्रतिको आकर्षण थप बढाउने र बजार विस्तारमा सहयोग पुग्ने उहाँको विश्वास छ।

## जलवायु ...

स्थानीय समुदायसम्म प्रभावकारी रुपमा पुऱ्याउने, हिमाली तथा पर्वतीय मुलुकहरूको साझा साझा आवाजलाई अन्तरराष्ट्रिय जलवायु वार्तामा थप प्रभावकारी रुपमा प्रस्तुत गर्ने नेपालले नेतृत्वदायी भूमिका निर्वाह गरिनुपर्ने जारी घोषणापत्रमा उल्लेख छ। यसैगरी हिमालहरूको निरन्तर निगरानी गर्ने प्रणाली तत्काल निर्माण एवं लागू गर्नुपर्ने, स्थानीय सरकार र प्रभावित समुदायलाई जलवायु वित्तमा प्रत्यक्ष तथा प्रभावकारी पहुँच सुनिश्चित गर्न आवश्यक प्रक्रिया र मापदण्ड सरल तथा सहज बनाइनुपर्ने, जलवायु परिवर्तनबाट सबैभन्दा प्रभावित समुदायको अनुभव, आवश्यकता र अधिकारलाई अन्तरराष्ट्रिय जलवायु वित्त तथा नीति निर्माणको केन्द्रमा राखिनुपर्ने, जलवायु परिवर्तनका कारण सिर्जित विस्थापन, बसाइँसराइ तथा गैरआर्थिक हानि सम्बोधन गर्न विशेष अन्तरराष्ट्रिय सहयोग र संयन्त्र विकास गरिनुपर्ने, तथ्यमा आधारित विपद् जोखिम आकलन एवं विपद् जोखिम नक्साङ्कन गरी अति जोखिमयुक्त क्षेत्रमा नेपाल सरकारले मध्यमयुक्त क्षेत्रमा प्रदेश सरकार र कम जोखिमयुक्त क्षेत्रमा स्थानीय सरकारले कार्य गर्ने गरी आवश्यक कानुनी एवं अन्य आवश्यक व्यवस्था गरी जिम्मेवारी र स्रोत साधन बाँडफाँट गर्नुपर्ने घोषणापत्रमा समेटिएको छ । घोषणापत्रमा स्थानीय तथा आदिवासी ज्ञान, प्राकृतिपूजक संस्कृति, प्रकृति संरक्षण र समुदाय तथा समुदायको अधिकारलाई जलवायु समाधानको अभिन्न आधारका रुपमा मान्यता दिइनुपर्ने, सङ्घीय सरकारले स्थानीय तहको आवश्यकता र जोखिमको प्रकृतिअनुसार जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी प्राविधिक जनशक्ति उपलब्ध वा व्यवस्थापन गर्न पहल बढाइनुपर्नेछ । मुस्ताङको कालीगण्डकी नदी र अन्य सहायक खोलामा प्राकतिक स्रोत थुप्रिँदा तटीय क्षेत्र जोखिममा परेकाले नदी उत्खननसम्बन्धी कानुन संशोधन गरी आवश्यक कानुन निर्माण गर्नुपर्नेलगायतका ४९ बुँदे घरपझोङ जलवायु परिवर्तन सम्मेलनबाट घरपझोङ घोषणापत्र जारी भएको हो।

यसअघि मुस्ताङको घरपझोङ गाउँपालिकाले सहभागी स्थानीय तहलाई पत्रचार गरी भदौ १५ गतेसम्म सम्बन्धित स्थानीय तहमा जलवायुले पारेको असर र न्यूनीकरणलगायतका विषयमा घोषणापत्रका लागि सुझाव सङ्कलन गरेको थियो । सोही आधारमा तयार पारिएको घोषणापत्र मस्यौदालाई सम्मेलनको दोस्रो तथा अन्तिम दिन स्थानीय तहको सुझावसहित पारित गरिएको थियो। सम्मेलनमा सात प्रदेशका ४२१ स्थानीय तह र ३६ जिल्ला समन्वय समितिका प्रतिनिधि सहभागी भएका थिए।

## सहरमा ...

"हामीले उच्च सतर्कता अपनाउँदै गए पनि सङ्क्रमणको दर उच्च रहेको छ भने धौलागिरि अस्पतालमा डेङ्गुका बिरामीको चाप उच्च रहेको छ," शर्माले भन्नुभयो, "बागलुङ बजारमा लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्नेसँगै ग्यारेजका टायरसमेत जफत गर्न थालिएको छ।"

जिल्ला सदरमुकाममा दैनिक ३० देखि ५० जना सम्ममा डेङ्गु देखिन थालेको धौलागिरि अस्पताल बागलुङका मेडिकल रेकर्डर नवराज पौडेलले जानकारी दिनुभयो।

डेङ्गु नियन्त्रणमा तदारुकता नदेखाउने ग्यारेजबाट चार ट्याक्टर टायर जफत गरिएको बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले जानकारी दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर।

- पल क्लिथेरोई

## सम्पादकीय

# पत्रकार र मेडिकल आचारसंहिता उल्लङ्घन

युट्युबर सुरजसिंह ठकुरीले छाउनीस्थित सैनिक अस्पतालको आईसीयूमै पुगेर अन्तर्वार्ता लिएको विषय विवादित मात्र होइन आचारसंहिता विपरीत छापत्रकार आचारसंहिता विपरीत काम गर्ने पत्रकार होस या संचार माध्यम कार्वाहीको भागीदार बन्नुपर्ने आवाज चर्को स्वरमा उठेको छ। वैयक्तिक गोपनीयता र संवेदनशील ठाउँमा क्यामेरा लाने कार्यले धेरैलाई प्रश्नको घेरामा पारेको छ। सैनिक अस्पतालको आईसीयूमै पुगेर लिएको विषय विवादमा परेपछि दुई वटा नियामक निकायले आफ्ना मान्यता सार्वजनिक गरेका छन।पत्रकारको नियामक निकाय प्रेस काउन्सिल र अस्पताल र चिकित्सकको नियामक निकाय मेडिकल काउन्सिलले आचारसंहितामा रहेको प्रावधान सार्वजनिक गरेका छन। यसबारेमा प्रेस काउन्सिल नेपालले नेपाल मेडिकल काउन्सिललाई पत्राचार गरेको थियो।

प्रेस काउन्सिलले 'आईसीयूमा मिडिया प्रवेशसम्बन्धी कुनै मापदण्ड वा कार्यविधि छ कि छैन ?' भनी सोधेको प्रश्नको औपचारिक जवाफ मेडिकल काउन्सिलले फर्काउन बाँकी नै छ। तर, त्यसअघि नै ५ वटा काउन्सिलले मिडिया र अस्पताल दुवैका लागि कडा निर्देशिका रहेको विषय सार्वजनिक गरेका छन। नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद्, नेपाल आयुर्वेद चिकित्सा परिषद्, नेपाल स्वास्थ्य व्यवसायी परिषद् र नेपाल फार्मेसी परिषद्ले संयुक्त विज्ञप्ति सार्वजनिक गरेका छन्। गम्भीर अवस्थामा आईसीयूमा रहेका बिरामीको मानसिक र शारीरिक अवस्थामा प्रतिकूल असर पर्ने भन्दै काउन्सिलहरूले बिरामीको जीवन, सङ्क्रमण नियन्त्रण र गोपनीयतालाई सर्वोच्च प्राथमिकतामा राख्न ६ बुँदे अपिल गरेका छन्। स्वीकृतिविना प्रवेश निषेधः आईसीयू तथा अन्य संवेदनशील उपचार क्षेत्रमा सम्बन्धित स्वास्थ्य संस्था वा अस्पतालको पूर्वस्वीकृतिविना प्रवेश गरी बिरामीको फोटो, भिडियो, अडियो वा अन्तर्वार्ता रेकर्ड गर्न/गराउन पूर्ण रोक लगाइएको छ।

मञ्जुरीनामा अनिवार्यः सञ्चार आवश्यक नै भएमा बिरामीको अवस्था र निर्णय क्षमता विचार गरी बिरामी वा कानुनअनुसार अभिभावकको स्पष्ट सहमति लिनुपर्नेछ। अस्पतालको स्वीकृति प्राप्त भएपछि मात्र उपयुक्त माध्यम र स्थानमा पहुँच सुनिश्चित गर्नुपर्नेछ। आईसीयूलाई स्टुडियो बनाउन नपाइनेः आईसीयू तथा अन्य संवेदनशील उपचार कक्षलाई अन्तर्वार्ता, भिडियो उत्पादन वा प्रचार सामग्री निर्माणको स्थलका रूपमा प्रयोग गर्न नपाइने। आवश्यक संवाद उपचार क्षेत्रबाहिर सुरक्षित विकल्प खोजेर मात्र गर्नुपर्ने कुरा स्पष्ट पारेका छन। गोपनीयता र मानवीय मर्यादाः बिरामीको पहिचान, स्वास्थ्य अवस्था र तस्बिर/भिडियो प्रयोग गर्दा गोपनीयता, मानवीय मर्यादा र बिरामीको सर्वोत्तम हितको पूर्ण पालना गर्नुपर्ने। अस्पतालले कडा प्रोटोकल बनाउनुपर्नेः अस्पताल तथा स्वास्थ्य संस्थाहरूले सञ्चारमाध्यम तथा अन्य व्यक्तिको प्रवेश र रेकर्डिङसम्बन्धी स्पष्ट संस्थागत नीति/प्रोटोकल निर्माण गरी कडाइका साथ कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। बिरामीको पीडा बेच्न नपाइनेः स्वास्थ्यकर्मीहरूले आफ्नो पेसागत आचारसंहिता पालना गर्नुपर्ने र बिरामीको पीडा, असहाय अवस्था वा उपचारको संवेदनशीलतालाई 'कन्टेन्ट' वा प्रचारको माध्यम बनाउन नहुने स्पष्ट उल्लेख हुँदा अन्तर्वार्ता लिने र दिन स्वीकृति दिनेले जिम्मेवारीबाट पन्छिन मिल्दैन।

आईसीयू अस्पतालको सघन उपचार कक्षको रूपमा चिनिन्छ। अस्पतालको साधारण वार्डभन्दा धेरै उच्चस्तरको निगरानी, उपचार र जीवनरक्षक सहयोग आवश्यक पर्ने बिरामीका लागि यो एक विशेष इकाइ हो। आईसीयूमा बिरामीको सुरक्षा र उपचार प्रक्रियालाई प्रभावकारी बनाउन केही गतिविधिहरू निषेध गरिएको हुन्छ। जस्तै अनावश्यक भीडभाड गर्न, अनुमति बिना धेरै समयसम्म बस्न, हात सफा नगरी प्रवेश गर्न, चिकित्सक वा नर्सको निर्देशनबिना बिरामीलाई छुन पाइँदैन। त्यस्तै, आईसीयूभित्र मोबाइल फोन चलाउन, ठूलो आवाजमा कुराकानी गर्न, फोटो वा भिडियो खिच्न निषेध गरिएको हुन्छ। किनकि यसले बिरामीको गोपनीयता र शान्त वातावरणमा असर गर्छ। बाहिरको खाना, फूल वा संक्रमण फैलाउन सक्ने वस्तुहरू भित्र लैजान प्रायः अनुमति हुँदैन। भित्र छिर्नेहरूका लागि तोकिएको पोशाक, टोपी, पञ्जा र मास्क अनिवार्य हुन्छ। यी सबै प्रबन्ध मिचेर भाइरल हुन गरिने काम विवादित मात्र होइन आचारसंहिताको गम्भीर उल्लंघन हो।पत्रकार आचारसंहिताले गर्न नहुने भनेर स्पष्ट पारेको छासाना मिडिया र पत्रकारले गल्ती गर्दा कार्वाही भोग्ने तर ठूला र शक्तिकेन्द्रसंग निकटकाले उन्मुक्ति पाउने मत्स्य न्याय अन्त्य हुनुपर्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गोरखामा हुलाकमार्फत घरमै राहदानी

पोखरापत्र संवाददाता
गोरखा, ३१ भदौं

जिल्ला हुलाक कार्यालयमार्फत जिल्लाका ५५० जनाले घरमै राहदानी प्राप्त गरेका छन्। वैशाख १५ गतेयता जिल्लाभर ५५० जनाले घरमै राहदानी बुझेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो। घरमै राहदानी लिन ६०० जनाले फाराम भरेकामा हालसम्म ५५० जनाले सेवा लिइसकेको उहाँले जानकारी दिनुभयो।

बाँकीको राहदानी आउने क्रममा रहेको उहाँको भनाइ छ। गत चैत १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले हुलाकमार्फत नागरिकको घरघरमै राहदानी (पासपोर्ट) पुर्‍याउने निर्णय गरेको थियो। सरकारको शासकीय सुधार कार्यक्रमअन्तर्गत हुलाक सेवामार्फत राहदानी नागरिकको घरघरमै पुर्‍याउने नीतिनुसार जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबीच वैशाख १५ गते सम्झौता भएको जिल्ला हुलाक अधिकृत विनोद गैरेले जानकारी दिनुभयो। जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाकबीच गृहजिल्लाभित्र नागरिकको घरघरमा राहदानी पुर्‍याउने सम्झौता भएको उहाँको भनाइ छ। "सम्झौताअनुसार जिल्ला प्रशासन कार्यालयमा एउटा काउन्टर नै स्थापना गरेर हुलाक कार्यालयका एक जना कर्मचारी राखेका छौं", गैरेले भन्नुभयो, "प्रशासनमा राहदानीको फारम भर्न आउने सेवाग्राहीले फारम भर्दा राहदानी लिन कार्यालयमै आउने अथवा घरमै लिने भन्ने छनोट गर्नुहुन्छ। घरमै लिने भन्नेहरूको हकमा हुलाकको फारम भराएर आवश्यक विवरण टिप्ने गरेका छौं। सोही विवरणको आधारमा राहदानी आएपछि घरमै पुर्‍याइदिन्छौं।" घरमै राहदानी लिनका लागि सेवाग्राहीले ५५ रुपैयाँको हुलाक टिकट टाँस्नुपर्ने उहाँको भनाइ छ। त्यसबाहेक अन्य अतिरिक्त शुल्क नलाग्ने उहाँको भनाइ छ। राहदानीको फाराम भरेका सेवाग्राहीले घरमै राहदानी लिनका लागि जिल्ला प्रशासन कार्यालयको हुलाक काउन्टरमा आवश्यक विवरण टिपाउनुपर्ने व्यवस्था छ। सेवाग्राहीले आफ्नो नाम, नम्बर, ठेगानालगायतका विवरण टिपाउनुपर्ने हुलाक कार्यालयले जनाएको छ।

काठमाडौँबाट छापिएर आएका राहदानी प्रशासन कार्यालयले हुलाक कार्यालयको जिम्मा लगाइसकेपछि जिल्लाभित्र कम्तीमा तीन दिनभित्र सेवाग्राहीको घरघरमा पुग्ने हुलाक अधिकृत विनोद गैरेले बताउनुभएको छ। "सेवाग्राहीले राहदानी लिइसकेपछि हामीले त्यसको रसिद बनाएर प्रशासन कार्यालयलाई बुझाउँछौं", उहाँले भन्नुभयो। जिल्ला हुलाक कार्यालयले उत्तरी गोरखाको चुमनुब्री र धार्चे गाउँपालिकामा पनि घरमै राहदानी पुर्‍याउने सरकारको नीतिबमोजिम काम गरिरहेको छ। यद्यपि भौगोलिक विकटताका कारण चुमनुब्रीको हकमा पालिकाको केन्द्र फिलिमबाहेक अन्य ठाउँ घरघरमा राहदानी पुर्‍याउने विषय जटिल रहेको जिल्ला हुलाक कार्यालय गोरखाका प्रमुख विनोद गैरे बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "चुमनुब्रीमा पालिका केन्द्रसम्म मात्र पठाउन सक्छौं, त्यो भन्दामाथि पुर्‍याउने जनशक्ति र स्रोतसाधन हामीसँग छैन। सरकारको नीतिअनुसार हामीले भएका जनशक्ति र स्रोतसाधनको अधिकतम प्रयोग गरेर यो सेवा सञ्चालनका ल्याएका हौं।" जिल्लाको पालुङटार नगरपालिका, सहिदलखन र आरुघाट गाउँपालिकाका अधिकांश सेवाग्राहीले घरमै राहदानी बुझिलिने गरेको जिल्ला हुलाक कार्यालय गोरखाको भनाइ छ।

# दूध उत्पादनमा अनुदानले व्यावसायिक पशुपालनमा वृद्धि

पोखरापत्र संवाददाता
कास्की, ३१ भदौं

कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ घाचोकबाट मात्र दैनिक तीन हजार लिटर दूध पोखरा बजारमा भित्रिन्छ।

पछिल्लो समय यो वडामा मात्र तीनवटा दूध सङ्कलन केन्द्र (डेरी) खुलेका छन्। यहाँ पाँच वर्षका अवधिमा व्यावसायिक पशुपालन फस्टाएको छ। प्रत्येक घरमा गाईपालन सुरु गरेर दूध बिक्री गर्ने किसान बढेका छन्।

सरकारले दूध उत्पादनमा किसानलाई प्रोत्साहन दिएपछि व्यावसायिक दूध उत्पादन वृद्धि भएको हो। सरकारले किसानलाई दूधमा प्रतिलिटर रु पाँचका दरले अनुदान दिने गरेको छ। "सरकारले दूध उत्पादनका आधारमा अनुदान रकम दिएपछि किसानलाई राहत भएको छ। गाउँमा पशुपालनको लहरनै चलेको छ", स्थानीय किसान गोपाल पोखरेलले भन्नुभयो, "चोक्कर, परालगायत पशु आहाराको मूल्यवृद्धि हुँदा अझै दूधको मूल्य खर्चका आधारमा न्यून छ, समयअनुसार दूधको मूल्यसमेत बढाउनु आवश्यक छ।" भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय कास्कीले जिल्लामा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरेको छ। यस कार्यक्रममा दूध उत्पादन गर्ने किसानलाई उत्पादनका आधारमा अनुदान दिइन्छ। सिधै किसानले नगद रकम अनुदान पाउँछन्।

गत आर्थिक वर्ष दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममार्फत किसानलाई रु दुई करोड २० लाख प्रोत्साहन अनुदान वितरण गरिएको कार्यालयका प्रमुख डा गृष्म न्यौपानेले बताउनुभयो। उहाँका अनुसार ४४ लाख लिटर दूधको अनुदान दिइएको थियो। दूध उत्पादन, सङ्कलन तथा औपचारिक बजारीकरणमा आबद्ध सहकारी संस्थाबाट सरकारले दिएको अनुदान रकम किसानले पाउने गरेका छन्। "दूधमा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अत्यन्त प्रभावकारी छ। यसबाट किसानहरु दूध उत्पादन र औपचारिक बजारीकरणमा आबद्ध हुनका लागि प्रोत्साहित हुनुभएको छ", कार्यालय प्रमुख न्यौपानेले भन्नुभयो। गत वर्ष यस कार्यक्रमअन्तर्गत २७ वटा दूध सङ्कलन संस्था/केन्द्रमार्फत वार्षिक ६९ लाख २३ हजार ७०० लिटर दूध सङ्कलन भएको विवरणमा उल्लेख छ। साथै आठ हजार ५० जना किसान दूध सङ्कलन प्रणालीमा आबद्ध रहेको कार्यालयले जनाएको छ। कार्यालयले दूध उत्पादन बढाउन किसानलाई प्रतिलिटरका आधारमा प्रोत्साहन दिने कार्यक्रमले उत्पादनलाई औपचारिक बजारसँग समेत जोड्न सहयोग पुगेको छ। उत्पादनमा आधारित अनुदानसँगै पाडीबाछी हुर्काउने प्रोत्साहन कार्यक्रमलाई पनि पशुपालन क्षेत्रको उत्पादन वृद्धि गर्ने महत्त्वपूर्ण कार्यक्रमका रूपमा कार्यालयले अघि बढाएको छ।

यस कार्यक्रममा कोरली बाछी र कोरली पाडी हुर्काउनका लागि किसानलाई रु १० हजारका दरले अनुदान दिइने गरेको छ। यस कार्यक्रमबाट गत वर्ष ९९ कोरली पाडी र ३५५ बाछी हुर्किइ माउ बन्न योग्य भएको र दूधालु पशुको सङ्ख्यामा ४५४ ले वृद्धि भई यस वर्ष १२ लाख लिटर अतिरिक्त दूध उत्पादन हुने कार्यालयको अनुमान छ।

कास्की जिल्लामा कूल एक लाख २० हजार ५७२ घर परिवार रहेकामा ५२ हजार ३२३ परिवार पशुपालमा आबद्ध रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयले जनाएको छ।


## फेवा प्रिन्स रेसिडेन्सी आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०६/०१)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४, चाउथेमा श्री फेवा प्रिन्स रेसिडेन्सी जायोजनाको निर्माण तथा संचालन हुदैंछ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | श्री सि.ई. कन्स्ट्रक्सन प्रा.लि.<br>काठमाण्डौ महानगरपालिका, वडा नं. ११, त्रिपुरेश्वर, काठमाण्डौ |
| प्रस्तावको व्यहोरा | श्री सि. ई. कन्स्ट्रक्सन प्रा. लि. बाट गण्डकी प्रदेश, पोखरा महानगरपालिका वडा नं. १४, चाउथेको कित्ता न. १७०, १६०, १५२ र १६१ को ११७६८.२२ वर्ग मिटर क्षेत्रफलको जग्गामा फेवा प्रिन्स रेसिडेन्सी आयोजनाबाट ३९ वटा आवासिय भवनको निर्माण तया संचालन हुनेछ। |
| प्रभाव पर्न सक्ने महानगरपालिका | गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४, चाउथे |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने कममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकिय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा जार्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बिच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्वछ भनी यकिन गर्न पोखरा महानगरपालिका १४ वडा कार्यलय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाका राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | श्री सि.ई. कन्स्ट्रक्सन प्रा.लि.<br>काठमाण्डौ महानगरपालिका, वडा नं. ११, त्रिपुरेश्वर, काठमाण्डौं<br>ईमेलः info@ce-construction.com<br>फोन नं.: ०१-५३४३१२०, ०१-५३५२१२४ |
| परामर्शदाताको नाम र ठेगाना | देउराली कन्सल्टिङ इन्जिनियर्स प्रा.लि.<br>पोखरा, नेपाल, फोन नं.: ९८५१०७३७४५<br>इमेलः deuralicon37@gmail.com |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ३ साविक धम्जा गा.वि.स. वडा नं. ३ निवासी भारतीय आर्मी नं ५३४६२२४ यम हवल्दार पल्टन २/४ जि.आर. का पुर्ण बहादुर थापाको को श्रीमती रउमती थापाको नेपाली नागरिकताको प्रमाणपत्र नं. ५०१०१४-८९२ मा नाम थर रउमती छन्तेल र जन्म मिति वि.सं. २०२८/०५/२३ (ई.सं. १९७१/०९/०८) उल्लेख भएको र निजको श्रीमानको भारतिय अभिलेखमा श्रीमतीको नामथर रउमती थापा र जन्म मिति ई.सं. १९७१/०७/०१ (वि.सं. २०२८/०३/१७) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी काठेखोला गाउँपालिका, ३ नं. वडा कार्यालय, धम्जा, बागलुङको च.नं. ०३-०००४२ मिति २०८३/०४/१५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी



## एउटै व्यक्ति भएको सूचना




तनहुँ जिल्ला गण्डकी प्रदेश साविक राईपुर गाविस वडा नं. ०९ भई हाल शुक्लागण्डकी नगरपालिका वडा नं. ११ बस्ने भारतीय भु.पु. सैनिक नं. 5847154N, दर्जा नायक, 3/9 G.R. का राजु भट्टराई भन्ने राजा भट्टराई क्षेत्रीको श्रीमती मिना देवी भट्टराईको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर मिना देवी भट्टराई र जन्म मिति वि.स. २०३३।१२।१० (ई.सं. २३।०३।१९७७) भएको र निजको भारतीय पेन्सन अभिलेखमा नामथर मीना देवी बि क्षेत्री (Mina Devi B Chhetri) र जन्म मिति ई.सं. २४।०३।१९७८ भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी हाल शुक्लागण्डकी नगरपालिका वडा नं. ११ को वडा कार्यालयको च.नं. १५५ मिति २०८३/०५/१० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २२ (साविक पुम्दीभुम्दी गा.वि.स. वडा नं. ०८) निवासी भारतीय भु.पु.सै.नं.JC-196670 L का सुवेदार नेत्र बहादुर गुरुङको माग निवेदन अनुसार निजको श्रीमती देवी घर्तीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर देवी घर्ती र जन्ममिति वि.सं.२०१५/१०/२५ (ई.सं.१९५९/०२/०७) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर देवी गुरुङ र जन्ममिति ई.सं.१९५६/१०/१६ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २२ नं. वडा कार्यालयको च.नं. ६५८ मिति २०८३/०५/२६ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी

# ऐतिहासिक बनेको ‘घरपझोङ जलवायु सम्मेलन’

सुन्दरकुमार थकाली
मुस्ताङ, ३१ भदौं/ रासस

जलवायु परिवर्तन सम्मेलन गर्ने एक वर्षअघिदेखिको घरपझोङ गाउँपालिकाको सपना पूरा भएको छ।

जलवायु परिवर्तनको असरबाट नेपालमात्र नभई विश्व नै प्रभावित भइरहेका बेला भएको सम्मेलनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरबाट समेत निकै चासोका साथ हेरिएको छ। गत वर्षकै भदौ अन्तिममा गरिन लागेको ‘घरपझोङ जलवायु परिवर्तन सम्मेलन’ जेनजी आन्दोलनका कारण स्थगित गरिएको थियो।

जलवायु परिवर्तनको प्रत्यक्ष असर खेपिरहेको हिमाली जिल्ला मुस्ताङमा उक्त सम्मेलन गर्नैपर्छ भन्ने जिल्लावासी र घरपझोङ पालिकाका जनप्रतिनिधिको एकै मतका कारण सम्मेलन सम्भव भएको हो। सम्मेलन जलवायु सङ्कटका मुद्दा उठान गर्ने मञ्चमात्रै थिएन, यसले मुस्ताङमा एकैसाथ सातै प्रदेशका सयौँ स्थानीय तहका जनप्रतिनिधिलाई एउटै मञ्चमा उतार्यो। जलवायु परिवर्तनबाट भएको असरसम्बन्धी मुद्दालाई राष्ट्रियतथाअन्तरराष्ट्रियस्तरसम्मै पुर्याउने लक्ष्यसहित



गाउँपालिकाले सङ्घीय मामिला मन्त्रालयको समन्वयमा ७५३ वटै स्थानीय तहलाई पत्रचार गरेकामा ४२१ स्थानीय तह र ३६ जिल्ला समन्वय समितिका पदाधिकारी सम्मेलनमा उपस्थित भई ऊर्जा प्रदान गर्नुभयो।

मुलुककै धार्मिक, सामाजिक र सांस्कृतिक हिसाबले महत्त्वपूर्ण मानिएको मुस्ताङ आफैँ पनि सामरिक महत्तवपूर्ण भूभागका रूपमा रहिआएको छ। सम्मेलनमा आउने पाहुनाको आवास र खानपान व्यवस्थापन निकै चुनौती भए पनि यहाँका होटलद्वारा बिर्सनै नसकिने न्यानो आतिथ्य प्रदान गरियो।

सम्मेलनमा सहभागी हुने अधिकांशले प्रसिद्ध मुक्तिनाथको दर्शनका साथै मुस्ताङको स्याउ बगैँचा र यहाँको भौगोलिक सुन्दरतामा रम्ने अवसर प्राप्त गर्नुभयो। सम्मेलन उद्घाटनअघि पालिका भवनबाट स्थानीय रहनसहन, वेशभूषा र सांस्कृतिक चहलपहल झल्कने झाँकीसहितको प्रभातफेरीसहितको र्याली सम्मेलनस्थल कभर्डहल पुगेको थियो। लगत्तै प्रमुख अतिथि सङ्घीय कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले उद्घाटन गर्दै जलवायु चुनौतीको सामाना गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो।

त्यस अवसरमा सम्मेलन सफलताका लागि प्रधानमन्त्री वालेन्द्र शाहले पठाउनुभएको शुभकामना सन्देश बाचन गरियो। यसअघि गाउँपालिका उपाध्यक्ष जमुना थकालीले सम्मेलन आयोजना गर्नुपर्ने कारणबारे सहभागीलाई जानकारी गराउनुभएको थियो।

सम्मेलनमा प्रतिनिधिसभा सदस्य योगेश गौचन थकालीलगायत केही प्रदेश, जिल्ला तह र स्थानीय तहका जनप्रतिनिधिले जलवायुबाट नेपालमा परेको असरबारे आफ्ना अनुभव र अनुभूति सुनाउनुभयो। उद्घाटन सत्रलगत्तै सुरु भएको प्राविधिक सत्रमा विषयविज्ञका रूपमा सहसचिव हरिप्रसाद शर्मा, प्रा डा विनोद दवाडी, विज्ञ डा कृष्णचन्द्र देवकोटा र सहसचिव गणेशप्रसाद भट्टले जलवायु परिवर्तनले पारेको असरसम्वन्धी विषयगत कार्यपत्र प्रस्तुत गर्नुभयो।

त्यसपछि भएको समूहगत/सत्र छलफलमा पालिका अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालका प्रतिनिधिले जलवायु परिवर्तनबाट नेपालको हिमाली क्षेत्रमात्र नभई स्वास्थ्य, सामाजिक र सांस्कृतिक क्षेत्रमा परेको असरबारे गहन विश्लेषण गर्नुभयो। सम्मेलनको अन्त्यमा आज घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३ को साझा घोषणपत्र जारी हुने कार्यसूची रहेको प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिनुभयो।

# विपद् प्रभावित किसानलाई राहत

पोखरापत्र संवाददाता
दमौली, ३१ भदौं

हावाहुरी, असिना पानी तथा विभिन्न रोगका कारण बालीमा क्षति व्यहोरेका तनहुँका किसानलाई कृषि विकास कार्यालयले राहत तथा पुनःस्थापनाका लागि रु आठ लाख ७८ हजार उपलब्ध गराएको छ।

प्राकृतिक प्रकोप तथा रोगका कारण बालीमा क्षति पुगेका किसानलाई कार्यालयले क्षतिको मूल्याङ्कन गरी राहत रकम वितरण गरेको हो। कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीका अनुसार जिल्लाका विभिन्न स्थानका १९३ हेक्टर क्षेत्रफलमा लगाइएको बालीमा क्षति पुगेको थियो। लागतका आधारमा गरिएको मूल्याङ्कनअनुसार ती बालीमा रु ३७ लाख १८ हजार ३०० बराबरको क्षति भएको थियो।

किसानले व्यहोरेको सम्पूर्ण क्षति पूर्ति गर्न नसकिए पनि केही राहत मिलोस् र आगामी खेतीका लागि पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्य राखिएको उहाँले बताउनुभयो। तनहुँमा चैते धानमा सबैभन्दा बढी असर परेको कार्यालयको तथ्याङ्कले देखाएको छ।

चैते धानमा मरुवा रोग तथा असिना पानीका कारण ठूलो क्षति पुगेको हो। अधिकारीका अनुसार १७२ हेक्टर क्षेत्रफलमा लगाइएको चैते धानमा रु १२ लाख २३ हजार ६०० बराबरको क्षति भएको थियो। त्यसबापत किसानलाई रु तीन लाख पाँच हजार ९०० राहत उपलब्ध गराइएको छ।

चैते धानसँगै तनहुँको प्रमुख नगदेबालीका रूपमा रहेको सुन्तला खेतीमा पनि हावाहुरी र असिना पानीले ठूलो क्षति पुर्‍याएको छ।

कार्यालयका अनुसार नौ दशमलव तीन हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तला खेतीमा रु १८ लाख ७७ हजार बराबरको क्षति भएको थियो।

उक्त क्षतिबापत किसानलाई रु चार लाख ६९ हजार राहत प्रदान गरिएको छ। त्यसैगरी, हावाहुरी तथा असिना पानीका कारण तरकारी तथा अन्य बालीमा क्षति पुगेको छ। कार्यालयका अनुसार १२ हेक्टर क्षेत्रफलमा लगाइएको तरकारी तथा अन्य बालीमा रु छ लाख १८ हजार ७०० बराबरको क्षति भएको थियो।

कार्यालयले राहत रकम वितरणसँगै किसानलाई पुनः उत्पादनमा फर्काउन आवश्यक सहयोग र प्राविधिक परामर्शलाई पनि प्राथमिकता दिएको अधिकारीले उल्लेख गर्नुभयो।

# अर्बाउदीका घरघरमा शुद्ध खानेपानीका धारा

पोखरापत्र संवाददाता
बागलुङ, ३१ भदौं

खानेपानीको चरम अभाव रहेको बागलुङको अर्बाउदी गाउँका ३६ घरमा अहिले शुद्ध खानेपानी पुर्‍याइएको छ।

बागलुङ नगरपालिका-१० पर्यटकीय गाउँ भकुण्डेस्थित अर्बाउदीका ३६ घरमा रु ६८ लाखभन्दा बढीको लागत घरघरमा खानेपानीको धारा जडान गरिएको नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो। गोर्खा वेल्फेयर ट्रष्टको रु ५८ लाख ५० हजार र स्थानीय उपभोक्ताको रु नौ लाख ७६ हजार गरी रु ६८ लाख २६ हजारको लागतमा ‘एक घर, एक धारा’ कार्यक्रममार्फत खानेपानी आयोजना निर्माण गरिएको हो। जिल्लाकै पहिलो घरबास गाउँका रूपमा परिचित त्यस गाउँमा खानेपानीको समस्या समाधान भएपछि स्थानीयवासी खुसी छन्। आयोजनाको मर्मतसम्भार कोषमा नगरपालिकाले रु दुई लाख र स्थानीय उपभोक्ताले रु ८३ हजार जम्मा गरेको उपप्रमुख खड्काले बताउनुभयो।

गोर्खा वेल्फेयर ट्रष्टका प्रतिनिधि लीला पुन शेरचनले पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रमणीय गाउँमा लामो समयदेखिको खानेपानी समस्या अब समाधान भएको बताउनुभयो।

उपभोक्ता चन्द्रमती थापाले घरमै धारा आएपछि दैनिक जीवन सहज भएको बताउनुभयो। उहाँले हिउँद र वर्षा दुवै समयमा शुद्ध खानेपानीको व्यवस्था भएकाले धाराको पानी सिधैँ पिउन सकिने बताउनुभयो। आयोजनाअन्तर्गत तीनवटा इन्टेक, एक कलेक्सन च्याम्बर, एक डेलिभरी ट्याङ्की, एक पम्प हाउस, एक रिजर्भ ट्याङ्की, चार जडसन च्याम्बर र पाँचवटा तारबार निर्माण गरिएको छ।

आयोजनामा दुई हजार ५८५ मिटर पाइप लाइन बिछ्याइएको उपभोक्ता तथा सरसफाइ समितिले जनाएको छ। पानीगैरा, गग्रेगरा र लोसे मूलको पानीलाई एकीकृत गरी आयोजना निर्माण गर्न गत वर्ष गोर्खा वेल्फेयर ट्रष्टसँग सम्झौता भएको थियो। सम्झौताअनुसार आयोजना सम्पन्न भएपछि घरघरमा धारा पुगेको उपभोक्ता समितिका अध्यक्ष सचिन थापाले जानकारी दिनुभयो।

# सामाजिक सञ्जालले फेरिएको व्यापार शैली

पोखरापत्र संवाददाता
म्याग्दी, ३१ भदौं

म्याग्दीको धवलागिरि गाउँपालिका-७ धारापानीका कमला बानियाँ थापाले जलजला गाउँपालिका-३ पर्वत बेनीमा सञ्चालन गरेको ‘थापा लोकल मार्ट’मा दुई वर्षअघिसम्म स्थानीय ग्राहक मात्रै आउँथे।

म्याग्दी, मुस्ताङ र पर्वतका हिमाली तथा पहाडी क्षेत्रमा उत्पादन हुने विभिन्न रैथाने वस्तु पाइने थापाको पसलका सामान अहिले विदेशसम्म पुग्न थालेको छ। “सामाजिक सञ्जाल ‘टिकटक’ र ‘फेसबुक’मा लाइभ बसेर सामान देखाउन थालेपछि ग्राहकको पहुँच बढेको मात्र छैन, कारोबार र आम्दानी पनि उल्लेख्य वृद्धि भएको छ,” उहाँले भन्नुभयो, “यसअघि बेनी र मल्लाज क्षेत्रका सीमित ग्राहक आउँथे।”

थापा जस्तै रातो च्याउ, टिमुर, सिलटिमुर, जिम्बु, सिमी, भट्ट, मह, भाँगो, दाल, बदाम र भिरमहलगायत म्याग्दीका स्थानीय उत्पादनको बिक्री गर्ने म्याग्दीका उद्यमीका लागि सामाजिक सञ्जाल सहयोगी बनेको छ। “फेसबुक र टिकटकमार्फत सामानको प्रचार गर्न थालेपछि बजार निकै फराकिलो भयो”, सञ्चालक थापाले भन्नुभयो, “पहिला यहाँका स्थानीय उपभोक्तामै सीमित थियौँ। अहिले सामान भए ग्राहकको कमी छैन।” दश वर्ष म्याग्दीको गैरसरकारी संस्था र पाँच वर्ष सहकारीको प्रबन्धक भएर काम गरेकी थापाले विसं २०७७ मा आफ्नै घरमा सुरु गरेको व्यवसाय सञ्चालनका लागि ज्ञान, सीपको कमीले घाटा ब्यहोर्नु परेको सम्झनुहुन्छ। गण्डकी प्रदेश सरकार र जलजला गाउँपालिकाले सञ्चालन गरेको वृद्धिमुखी उद्यमशीलता कार्यक्रममा सहभागी भएपछि नयाँ अनुभव प्राप्त भयो। अध्ययन भ्रमण र तालिमका कारण व्यवसायको शैली परिवर्तन गरेपछि सफलता मिलेको थापाले सुनाउनुभयो।



कृषक र उद्यमीबाट ल्याएको सामान उहाँले ‘फेसबुक पेज’ र ‘टिकटक’मार्फत सार्वजनिक गर्नुहुन्छ। सामाजिक सञ्जालमा राखिएका उत्पादनका तस्बिर तथा भिडियो हेरेर सामान खरिद गर्न आउँछन्। उहाँका अनुसार बेलायत, अमेरिका र अष्ट्रेलियामा रहेका नेपालीले समेत सामाजिक सञ्जालमार्फत सामानको माग गर्न थालेका छन्।

स्थानीय ग्राहक आफैँ पसलमा आएर सामान लैजाने गरेका छन्। देशका विभिन्न सहरमा कुरियरमार्फत सामान पठाउने गरिएको छ। विदेशमा रहेका ग्राहकका आफन्त पसलमा आएर सामान खरिद गर्ने गरेका छन्। सामाजिक सञ्जालकै कारण पसलसम्म आउने ग्राहकको सङ्ख्यासमेत बढेको थापाको अनुभव छ। “सामाजिक सञ्जालमा पसल र सामान देखेर गाडी लिएर पसल हेर्न आउने ग्राहक पनि हुनुहुन्छ”, उहाँले भन्नुभयो। हाल थापा लोकल मार्टबाट वार्षिक रु ३५ देखि ४० लाखसम्मको कारोबार हुने गरेको छ। सबै खर्च कटाएर वार्षिक रु सात लाखसम्म बचत हुने गरेको थापा बताउनुहुन्छ।

व्यवसायमा उहाँका श्रीमान् खुमबहादुर थापा र दुई छोराछोरीले सहयोग गर्दै आएका छन्। कामको चाप बढेका बेला स्थानीय मजदुरलाई समेत आंशिक रोजगारी दिने गरिएको छ। “पहिला बजार खोज्दै सामान बेच्नुपर्थ्यो, अहिले ग्राहकले नै सामान खोज्दै सम्पर्क गर्नुहुन्छ”, थापाले भन्नुभयो, “सामाजिक सञ्जालले हाम्रो व्यवसायलाई नयाँ बजार दिएको छ।” स्थानीय किसान तथा उत्पादकबाट सामान खरिद गर्ने भएकाले गाउँमा उत्पादन भएका वस्तुले बजार पाउने र उत्पादकले आफ्नो उत्पादनबाट आम्दानी गर्ने अवसर बढेको छ। स्थानीयस्तरमा उत्पादन हुने वस्तुलाई आकर्षक ढङ्गले प्रस्तुत गरेर सामाजिक सञ्जालमार्फत सम्भावित ग्राहकसम्म पुर्‍याउन सके साना उद्यमले पनि ठूलो बजार पाउन सक्ने थापाको अनुभव छ।

“महिला आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्छ। त्यसका लागि आफ्नो सीप र क्षमतालाई निरन्तर परिमार्जन गर्दै उद्यमशीलतामा लाग्न आवश्यक छ”, उहाँले भन्नुभयो, “इच्छाशक्ति, मेहनत र प्रविधिको सही प्रयोग गर्न सके गाउँमा राम्रो आम्दानी गर्न सकिन्छ।”

व्यवसायलाई अझ व्यवस्थित बनाउँदै नेपालका अन्य ठाउँमा समेत विस्तार गर्ने थापाको योजना छ। सामाजिक सञ्जालको पहुँचलाई थप विस्तार गर्दै म्याग्दी, मुस्ताङ र पर्वतमा उत्पादन हुने थप रैथाने वस्तुलाई बजारमा ल्याउने उहाँको लक्ष्य छ।

गाउँका उत्पादनलाई गाउँमै सीमित नराखी ‘डिजिटल’ माध्यमबाट देश-विदेशका उपभोक्तासम्म पुर्‍याउने थापाको प्रयासले सामाजिक सञ्जाल केवल मनोरञ्जनको माध्यम मात्र नभई स्थानीय उत्पादनको बजारीकरण र साना उद्यमको विस्तार गर्ने प्रभावकारी साधन बन्न सक्ने उदाहरण प्रस्तुत गरेको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ
एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ८ साविक लेखानी गा.वि.स. वडा नं. ८ स्थायी निवासी भारतीय भु.पु. सैनिक नं. ५७५०३१५ W PPO No. S/55353/04 T.S.No. 171231/8GR का दल बहादुर थापाको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर भूमि श्रीस र जन्म मिति वि.सं. २०१९/१२/०४ (1963/03/17 A.D.) भएको र निजको भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर नर माया थापा र जन्म मिति 1964/05/15 AD उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ८ नं. वडा कार्यालय, लेखानी, बागलुङको च.नं. ००१०१, मिति २०८३/०५/१८ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी

गण्डकी प्रदेश, सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र
पोखरा, नेपाल

अनुसन्धान प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०१

यस केन्द्रको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु विकास सम्बन्धी अनुसन्धानात्मक कार्यक्रम संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक र योग्य प्रस्तावक/प्रस्तावकहरुले स्वयम् वा समूहको तर्फवाट पशु विकासका निम्न विधाहरूमा एकल/संयुक्त प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचा अनुसारको प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ।

**अनुसन्धानका विधाहरू :- पशु पोषण, पशु स्वास्थ्य, पशु तथा मत्स्य पालन व्यवस्था**
(Animal Nutrition, Animal Health, Animal husbandry and fisheries)

**पुनश्चः आवेदनकासाथ संलग्न राख्नुपर्ने कागजातहरुः**

१. पशु विकास सबन्धी अनुसन्धानात्मक कार्यक्रम कार्यान्वय कार्यविधि २०७६ अनुसारका कागजातहरू।
२. निवेदन सहित अनुसूचि ५ अनुसारको प्राविधिक प्रस्ताव।
३. अनुसूचि ६ अनुसारको आर्थिक प्रस्ताव।
४. प्रस्तावकहरुको हकमा वैयक्तिक विवरण (Curriculum Vitae)।
५. कन्सलटेन्सीको हकमा दर्ता, नविकरण, आ.व. ०८१/०८२ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
६. PAN/VAT दर्ता प्रमाणपत्र प्रतिलिपि।
७. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, आदि) का प्रतिलिपिहरू।

**थप जानकारीका लागिः**
ईमेलः lrdtcgandaki.gov@gmail.com, फोन नं.: ०६१-५७४१९५

महानिर्देशक
पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, गण्डकी प्रदेश, पोखरा